# खानेपानी मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका सदस्यहरुको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः** खानेपानी मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका कार्यकारी पद वा पूरा समय काम गर्ने पदाधिकारी वा सदस्य बाहेक अन्य सदस्यको पदमा नियुक्ति वा मनोयन गर्ने सम्बन्धी प्रक्रियालाई संक्षिप्त कार्यविधि अपनाई सरल र पारदर्शी बनाउन आवश्यक भएकोले,

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०१/१७ को निर्णयबाट प्राप्त अधिकारको प्रयोग गरी मन्त्रालयले देहायको मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "खानेपानी मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका सदस्यहरुको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "पदाधिकारी" भन्नाले नेपाल खानेपानी संस्थानको महाप्रबन्धक र खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको खानेपानी मन्त्रालय सम्झनु पर्द।

(ग) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले सार्वजनिक निकायका कार्यकारी पद वा पूरा समय काम गर्ने पदाधिकारी वा सदस्य बाहेक सार्वजनिक निकायको सदस्यका रुपमा नियुक्ति वा मनोनयन भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८.१.१ बमोजिम नियुक्त हुने अध्यक्ष समेतलाई जनाउँछ।

(ङ) "सम्बन्धित कानून" भन्नाले सदस्यहरुको नियुक्ति वा मनोनयन हुने निकायको सञ्चालन वा प्रशासनसँग सम्बन्धित कानून सम्झनु पर्छ।

(च) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्बद्ध अनुसूची-१ बमोजिमको निकाय सम्झनु पर्छ।

(छ) "सिफारिस समिति" भन्नाले दफा ७ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

३. **सदस्यको योग्यताः** (१) सदस्यहरुको पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक योग्यता सम्बन्धित कानूनमा तोकिए बमोजिम हुनेछ।

(२) नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ मा व्यवस्था भए बमोजिमका सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछः-

(क) दफा ८.१.१ बमोजिमको अध्यक्षको हकमाः मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक तह उत्तिर्ण गरी खानेपानी व्यवस्थापनको क्षेत्रमा अनुभव प्राप्त गरेको।

(ख) दफा ८.१.५ बमोजिमको महिला सदस्यको हकमाः उपभोक्ताको हितको संरक्षणमा संलग्न खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुमा आबद्ध रहेका महिला प्रतिनिधि।



नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) दफा ८.१.६ वमोजिम विशेषज्ञ सदस्यको हकमाः मान्यता प्राप्त शिक्षण संस्थावाट खानेपानीसंग सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको र खानेपानी व्यवस्थापन एवं गुणस्तर क्षेत्रमा कम्तिमा दश वर्षको कार्य अनुभव हासिँल गरेको।

(घ) दफा ८.१.७ बमोजिमको सदस्यको हकमाः मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण गरी पर्यावरण वा वातावरण संरक्षणको क्षेत्रमा कार्यरत कानूनबमोजिम दर्ता भएका संस्थाहरुमा आबद्ध भई कार्य गरेको।

४. <u>नियुक्ति वा मनोनयको लागि अयोग्य मानिने:</u> सम्बन्धित कानूनमा तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा देहायको व्यक्ति मन्त्रालय सम्बद्ध निकायको सदस्य पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागिरक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, सम्पत्ति शुद्धिकरण, मानव बेचविखनतथा ओसारपसार, लागू औषध कारोबार, संगठीत अपराध, राशदानी दुरुपयोग, अपहरण, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धि कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको वा अन्य फौजदारी कसूरमा तीन बर्ष वा सो भन्दा बढी कैदको सजायपाई त्यस्तो फैसला अन्तिम भएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) सम्बन्धित कानूनमा तोकिएकोमा सोही बमोजिम तथा नतोकिएकोमा पैतिस वर्ष पुरा नभएको र पैसठ्ठी वर्ष पुरा भएको,

(च) मानसिक सन्तुलन ठीक नभएको,

(छ) नियुक्ति वा मनोनयन हुने सार्वजनिक निकायसँग कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको वा निजी स्वार्थ रहेको,

(ज) प्रचलित कानून बमोजिम सार्वजनिक निकायको पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य भएको।

५. <u>पदावधिः</u> (१) नियुक्त वा मनोनयन हुने सदस्यहरुको पदावधि सम्बन्धित कानूनमा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तीन वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निकायमा नियुक्त वा मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, सार्वजनिक निकायको हित विपरित काम गरेमा, निजको कार्य सम्पादन सन्तोषजनक नभएमा, निजले इमानदारीपूर्वक जिम्मेवारी वहन नगरेमा वा पद अनुरुपको आचरण नगरेमा त्यस्तो सदस्यलाई नियुक्त वा मनोनयन गर्ने अधिकारीले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निजलाई पदबाट हटाउनु अघि सम्बन्धित सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।



नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

६. <u>पद रिक्त हुने अवस्थाः</u> (१) सदस्यको पद रिक्त हुने सम्बन्धी व्यवस्था सम्बन्धित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा देहायको अवस्थामा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले पदबाट राजिनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) दफा ४ बमोजिम अयोग्य भएमा,

(घ) निजको मृत्यु भएमा,

७. <u>सिफारिस समितिः</u> सम्बन्धित कानूनमा पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनका लागि सिफारिस सम्बन्धी व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा नियुक्तिका उम्मेदवारहरुको सूची तयार गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः

(क) मन्त्रालयको सचिव -संयोजक

(ख) मन्त्रालयले मनोनयन गरेको सम्बन्धित क्षेत्रको एक जना विषय विज्ञ -सदस्य

(ग) मन्त्रालयको प्रशासन महाशाखाको प्रमुख -सदस्य

(घ) मन्त्रालयको कानून शाखा प्रमुख -सदस्य

(ङ) प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) मन्त्रालयको कर्मचारी प्रशासन शाखाले सिफारिस समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

८. <u>सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधिः</u> (१) सिफारिस समितिको बैठक संयोजकले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ।

(२) सिफारिस समितिले कुनै विशेषज्ञ वा पदाधिकारीलाई बैठकमा भाग लिन आमन्त्रित गर्न सक्नेछ।

(३) सिफारिस समितिको निर्णय समितिको संयोजकले प्रमाणित गर्नु पर्नेछ।

(४) सिफारिस समितिले सदस्य सिफारिस गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>आचार संहिता पालना गर्नुपर्नेः</u> (१) सिफारिस समितिमा रहेका संयोजक, सदस्य, विज्ञ तथा सदस्य-सचिवले आफ्नो परिवारको व्यक्ति उम्मेदवार भएमा सोको जानकारी समितिलाई दिई मूल्याङ्कन कार्यमा संलग्न हुन पाईने छैन।

(२) उपदफा (१) बमोजिम कुनै सदस्य मूल्याङ्कन कार्यमा सहभागी हुन नसक्ने भएमा समितिले निर्णय गरी अर्को व्यक्तिलाई मूल्याङ्कन कार्यमा सहभागि गराउन सक्नेछ।

(३) समिति वा उपसमितिमा रहेका सदस्यहरुले आफूले प्राप्त गरेको पदाधिकारी वा सदस्य नियुक्ति सम्बन्धि सबै सूचना र जानकारी गोप्य राख्नु पर्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "परिवार" भन्नाले पति-पत्नी, आमा-बाबु, छोरा-छोरी, सासु-ससुरा, धर्मपुत्र-धर्मपुत्री, काका-काकी, ठूलोबुवा-ठूलीआमा, सानोबुवा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी,ज्वाँइ, भिनाजु, मामा-माईजु, फूपू-फूपाजु, साला-साली र तीनका छोराछोरी सम्झनु पर्छ।



नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

१०. <u>सूचना प्रकाशित गर्नु पर्ने:</u> (१) मन्त्रालयले सदस्यको पदमा नियुक्ति वा मनोनयनको लागि कम्तिमा सात दिनको समयावधि तोकी दरखास्त बुझाउने स्थान, दरखास्त साथ संलग्न गर्नु पर्ने कागजात, दरखास्त फारमको ढाँचा, स्वघोषणा पत्र सहितको सूचना मन्त्रालयको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ।

तर नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ को ८.१.५ र ८.१.७ को सदस्यको हकमा यस दफा बमोजिम सूचना प्रकाशन गरिने छैन र उक्त दफा बमोजिमको संस्थामा संलग्न व्यक्तिहरुबाट उपदफा (२) बमोजिमका विवरण संलग्न गरी अनुसूची-२ बमोजिमको ढाँचामा आएको निवेदन दफा ११ बमोजिम सिफारिस भई दफा १२ बमोजिम नियुक्ति वा मनोनयन गरिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि सो सूचना बमोजिमको पदमा नियुक्ति वा मनोनयन हुन चाहने व्यक्तिले दफा ३ बमोजिमको योग्यता पुगेको देहाय बमोजिमको विवरण तथा कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रतिलिपि,
(ख) व्यक्तिगत विवरण,
(ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
(घ) अनुभव खुल्ने कागजातको प्रतिलिपि,
(ङ) स्वःघोषणा पत्र,
(च) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित अन्य आवश्यक कागजातहरु।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा कुनै दरखास्त पर्न नआएमा मन्त्रालयले दफा ३ बमोजिमको योग्यता पुगेको र दफा ४ बमोजिम अयोग्य नरहेको व्यक्तिलाई सिधै नियुक्ति वा मनोनयन गर्न सक्नेछ।

(४) विदेशी विश्वविद्यालयबाट शैक्षिक उपाधि प्राप्त गरेको उम्मेदवारले त्यस्तो शैक्षिक योग्यताको समकक्षता निर्धारण गरेको कागजात पेश गर्नु पर्नेछ।

११. <u>सिफारिस:</u> सिफारिस समितिले दफा १० बमोजिम प्राप्त हुन आएका दरखास्त तथा निवेदनका सम्बन्धमा दफा ३ बमोजिमको योग्यता र दफा ४ बमोजिमको अयोग्यताको परीक्षण गरी रित पुगेका दरखास्त तथा निवेदन स्वीकृत गर्नु पर्नेछ र स्वीकृत भएका दरखास्त तथा निवेदनको सूची तयार गरी मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

१२. <u>नियुक्ति वा मनोनयन गर्ने:</u> दफा ११ बमोजिम सिफारिस भई सूचीमा परेका उम्मेदवारहरुमध्येबाट नेपाल सरकारले सदस्य पदमा नियुक्ति वा मनोनयन गर्नेछ।

१३. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१४. <u>बाँझिएमा अन्य कानून लागू हुने:</u> यस मापदण्डमा लेखिएका कुरा प्रचलित नेपाल कानूनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म प्रचलित नेपाल कानून लागु हुनेछ।

१५. <u>बचाउ:</u> यस मापदण्ड लागु हुनुपूर्व नियुक्ति वा मनोनयन भई सार्वजनिक निकायको पदमा वहाल रहेका सदस्य यसै मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएको मानिनेछ।



नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१

(दफा २ को खण्ड (च) सँग सम्बन्धित)

१. नेपाल खानेपानी संस्थान

२. खानेपानी तथा सरसफाइ महसुल निर्धारण आयोग

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-२

(दफा १० को उपदफा (१) र (२) सँग सम्बन्धित)

नियुक्त हुन चाहने अध्यक्ष वा सदस्य पेश गर्नुपर्ने दरखास्तको ढाँचा

| दुवै कान देखिने पासपोर्ट साईजकोफोटो |
|---|

खानेपानी मन्त्रालय सम्बन्ध सार्वजनिक निकायको देहायको पदमा नियुक्ति भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी पेश गरेको छु। सो पदमा नियुक्तिका लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु।

१. नियुक्ति हुन चाहेको सार्वजनिक निकायको नामः

२. नियुक्ति हुन चाहेको पदः

३. दरखास्त पेश गर्ने ब्यक्तिकोः-

(क) व्यक्तिगत विवरण (Bio Data):

नाम थर :

नागरिकता नं र नागरिकता जारी जिल्ला :

स्थायी ठेगाना :

अस्थायी ठेगाना :

जन्म मिति :

सम्पर्क नं.:

इमेलः

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र. सं. | उपाधि | विश्वविद्यालय/ शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

(ग) अनुभव

| क्र सं | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|



नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

(घ) संलग्न कागजात तथा विवरण

(१) नागरिकताको प्रतिलिपि,

(२) व्यक्तिगत विवरण,

(३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(४) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(५) अन्य आवश्यक कागजात ।

माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| औठाको छाप | |
|---|---|
| | |
| दाया | बाया |

दस्तखत :———————

मिति :——./—./—

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा १० को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

## स्वः घोषणा पत्र

म देहाय बमोजिमको स्वःघोषणा गर्दछु।

(क) कालोसूचीमा नपरेको

(ख) दामासाहीमा नपरेको,

(ग) भ्रष्टाचार वा सम्पत्ति शुद्धिकरण वा फौजदारी कसूरमा कसूरदार नठहरिएको,

(घ) कुनै पनि विदेशी राष्ट्रको स्थायी आवसिय अनुमति पत्र प्राप्त नगरेको।

यस स्वःघोषणा पत्रमा उल्लेखित व्यहोरा सहि साँचो हो झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

<u>स्वःघोषणाकर्ताको</u>

हस्ताक्षरः

नामः

ठेगानाः

नागरिकता नम्बरः

जारी मिति र जिल्लाः

| औठाको छाप | |
|---|---|
| | |

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं